आवेदन दिने अन्तिम मिति २०७५ फाल्गुण १३ गते

**Nepal Agribusiness Innovation Centre**

# कृषि खाद्य उद्यमशीलता विकास कार्यक्रम
# (Agri-food Entrepreneurship Development Program)



## १. परिचय (Introduction)

नेपाल एग्रिविजनेश इनोभेसन सेन्टर (NABIC) कृषि तथा पशुपंक्षि विकास मन्त्रालय अन्तर्गत सञ्चालित व्यवसायिक कृषि तथा व्यापार आयोजना (PACT) एवं विश्व बैङ्कको सहयोगमा कृषि व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित स्वायत्त संस्था हो । NABIC को उद्देश्य कृषि व्यवसायहरुको स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्ने रहेको छ । NABIC का प्रमुख सेवाहरु (क) व्यवसायिक परामर्श (Business Counselling), (ख) व्यवसाय सम्वर्द्धन (Business Incubation) र (ग) नीतिगत एवं संस्थागत विकास एवं सरोकारवालाहरु विच सञ्जाल विस्तारमा सहयोग (Agri-business Ecosystem Building) रहेका छन् ।

**कृषि विभाग, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र**को सहयोगमा NABIC ले आ. व. २०७५।०७६ मा कृषि खाद्य उद्यमशीलता विकास कार्यक्रम (Agri-food Entrepreneurship Development Program) संचालनमा ल्याएको छ । यस प्रकाशन मार्फत संभावित सेवाग्राही उद्यमीहरु एवं अन्य सरोकारवालाहरु समक्ष कार्यक्रम सम्बन्धि जानकारी प्रस्तुत गरिएको छ ।

## २. कार्यक्रमको उद्देश्य तथा लक्षित समूह (Objectives and Target Group of the Program)

### २.१ उद्देश्य

- कृषि खाद्यको क्षेत्रमा संलग्न उद्यमीहरुको सफल व्यवसायिकरण तथा नव उद्यमीहरुको यस क्षेत्रमा प्रवेशलाई समेत आकर्षित तथा उत्प्रेरण गर्नका लागि व्यवसाय सम्वर्द्धन सेवा (Business Incubation Service) प्रदान गर्ने
- कृषि प्राविधिकहरुको उद्यमशिलता विकास एवं विजनेश इन्कुवेशन सम्बन्धि क्षमता अभिवृद्धि गरी क्षेत्रीय तथा स्थानीय तहमा सेवा विस्तारमा सहयोग पुर्‍याउने ।

## २.२ लक्षित समुह

- कृषि खाद्य उद्यमीहरु (बिषेशत प्रसोधन केन्द्रीत),
- कृषि प्राविधिकहरु ।

## ३. कार्यक्रमबाट प्रवाह हुने प्रमुख सेवाहरु (Major Services under the Program)



### ३.१ व्यवसाय सम्वर्द्धन सेवा (Business Incubation Service)

#### ३.१.१ तालिम (Training)

व्यवसाय सम्वर्द्धन अन्तर्गत पर्ने विभिन्न सेवा अन्तर्गत पहिलो चरणमा निम्न दुई तालिमहरु संचालन गरिनेछन् ।

- कृषि उद्यमीहरुका लागि कृषि उद्यमशीलता तथा इनोभेशन तालिम,
- कृषिजन्य वस्तुहरुको बजारीकरण सम्वन्धि तालिम ।

#### ३.१.२ व्यवसायिक परामर्श सेवा (Business Counselling Service)

कार्यक्रम अवधिभर आवश्यकता अनुसार NABIC ले सहभागी कृषि खाद्य उद्यमीहरुको मागमा आधारित रहेर व्यवसायको व्यवस्थापकीय एवं प्राविधिक पक्षहरुमा व्यवसायिक परामर्श सेवा प्रदान गर्नेछ ।

#### ३.१.३ कृषि उद्यमीहरुको लागि व्यवसायिक योजना तर्जुमा गर्नको लागि सहयोग (Support for Business Plan Development)

छनौट भएका सहभागीहरु मध्येबाट ७ जना उद्यमीहरुलाई व्यवसायिक योजना निर्माणका लागि कार्यक्रमले सहयोग प्रदान गर्नेछ ।

### ३.२ कृषि प्राविधिकहरुका लागि कृषि उद्यमशीलता तथा व्यवसाय सम्वर्द्धन तालिम (Agri-Entrepreneurship and Business Incubation Training to Agri Technologists)



उद्यमशीलता विकास एवं व्यवसाय सम्वर्द्धन विधि मार्फत कृषि उद्यमीहरुलाई क्षेत्रीय

एवं स्थानीय तहमा सेवा उपलब्ध गराउने उद्देश्यले कृषि प्राविधिकहरुका लागि यस कार्यक्रमले क्षमता अभिवृद्धि गर्न निम्न क्रियाकलापहरुको आयोजना गरिनेछ ।

- तालिम निर्देशिका तयार गर्ने ।
- कृषि उद्यमशीलता तथा व्यवसाय सम्वर्द्धन तालिम सञ्चालन गर्ने ।

## ४. आवेदक छनौटका मापदण्डहरु (Selection Criteria)

### न्यूनतम मापदण्डहरु

- कृषि, माछा तथा पशुपंक्षि सम्बन्धी व्यवसायिक उद्यममा संलग्न भएको,
- नेपाल सरकारको सम्बन्धीत निकायमा दर्ता भएको,
- करको दायरामा आएका व्यवसाय हुनुपर्ने, (प्रस्तावित व्यवसायको हकमा लागू नहुने) ।
- खाद्य अनुज्ञापत्र लिएका वा लिने क्रममा रहेको (यो व्यवस्था लागू हुने अवस्थामा मात्र)

### छनौटका आधारहरु

- वृद्धि तथा बजार विस्तारोन्मुख,
- नयाँ रोजगारीको अवसर सिर्जना गर्न सक्ने,
- लगानी खोजिरहेको,
- उद्यमी एवं व्यवस्थापकहरुको अनुभव एवं क्षमता,
- प्रशोधन उद्यममा कार्यरत भएकोलाई प्राथमिकता दिइनेछ ।

नोट : कृषि प्राविधिकहरुको हकमा सहभागीहरुको छनौट कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रसँगको सल्लाह एवं सुझाव मार्फत गरिनेछ ।

## ५. सहभागी उद्यमीहरुबाट अपेक्षित प्रतिवद्धता (Expected Commitment from Entrepreneurs)

- आफ्नो व्यवसाय विस्तारका लागि प्रतिवद्ध,
- NABIC ले संचालन गर्ने कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुमा नियमित रुपमा उपस्थित हुने,
- आवश्यक परे व्यवसाय विस्तारको लागि थप लगानी गर्ने,
- पारदर्शीता कायम गरी कार्यक्रमलाई उद्यम सम्बन्धी सूचनाहरु उपलब्ध गराउन तयार,
- कार्यक्रमले तोके बमोजिम तालिम एवं परामर्शको लागि सम्बन्धित स्थानमा उपलब्ध हुने ।

## ६. छनौट विधि (Selection Process)

आवेदकहरुमध्येबाट प्राविधिक तथा गैर प्राविधिक विधि मार्फत कार्यक्रमका सहभागीहरु छनौट गरिनेछ। **प्रथम चरण** मा प्राप्त आवेदनहरुको तोकिएका मापदण्ड अनुसार भए नभएको हेरी सूची तयार गरिने छ। **दोस्रो चरणमा** प्रस्तावित उद्यमको व्यवस्थापकीय क्षमता, प्राविधिक पक्ष, बजार तथा बजारीकरणको अवस्था, कर्मचारी तथा वित्त व्यवस्थापनको विश्लेषण गरिनेछ। यस पश्चात NABIC ले सेवाग्राहीहरुको छनौटको अन्तिम निर्णयका लागि छनौट समिति समक्ष पेश गर्नेछ।

## ७. आवेदन दिने अन्तिम मिति (Deadline for Application)

**२०७५ फाल्गुण १३ गते (25th February, 2019)**

**सम्पर्क : नेपाल एग्रिविजनेश इनोभेसन सेन्टर (NABIC)**
दास टावर, तेश्रो तल्ला, लाजिम्पाट, काठमाडौं

टे. : ०१४४२३२७२, ०१४४२३२७३
ई : info@nabic.com.np
वेभसाईटं : www.nabic.com.np